प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३१२ ॥ २०८२ पुष ३० गते बुधवार (14th Jan 2026 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

### शक्तिको बलमा बयोबृद्धा राजवंशीलाई थुनाइयो

# उपसभामुख मगरको पहलमा रिहा



झापा, पुष २९ । कानुनी रुपमा मोहियानी हक पाइसकेको अवस्थामा शक्तिको बलमा थुनामा राखिएकी झापा बिर्तामोड १ की वयोबृद्धा जानकी राजवंशीलाई जमानतमा रिहा गरिएको छ । भूमिसुधार तथा मालपोत कार्यालयबाट कानुनी प्रक्रिया अनुसार मोहियानी हक पाएकी एकल महिला ७५ वर्षीया जानकी राजवंशीलाई जग्गाधनीले प्रहरी प्रशासनलाई दबाब दिएर थुनाएका थिए । उपसभामुख इन्दिरा राना मगरको सहजीकरणमा सोमवार साँझ जिल्ला प्रहरी कार्यालयबाट उनलाई जमानतमा रिहा गरिएको हो । उनका भतिजा रामबहादुर राजवंशी भने थुनामै रहेका छन् । २०३७ सालदेखि जग्गा कमाएको मोहीको सम्पूर्ण प्रमाण भएपछि गत महिना भूमिसुधार तथा मालपोत कार्यालयका प्रमुख लेवनकश्यप अधिकारीले विपन्न जानकी राजवंशीलाई एक विगाह मोहियानी हक दिलाएका थिए । त्यस निर्णयको विरुद्धमा जग्गाधनीले दलबलसहित करिव एक सातासम्म मालपोत कार्यालय धर्ना तथा हुलहुज्जत गरेका थिए । त्यसपछि उनीहरुले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा गएर दबाब दिएका थिए । अर्धन्यायिक निकायको रुपमा रहेको भूमिसुधार कार्यालयको निर्णयउपर चित्त नबुझेमा माथिल्लो निकायमा जानसक्ने कानुनी बाटो भएको कार्यालय प्रमुख अधिकारीले बताउँदै आएका छन् । तर, जग्गाधनीले दबाब दिएर जानकी र उनका भतिजा रामबहादुरलाई थुनाएका छन् । उपसभामुख राना मगरले सोझा सीधा राजवंशी परिवारमाथि घोर अन्याय भएको बताएकी छन् ।आफूले एकल रहेकी जानकी राजवंशीको लागि निरन्तर रूपमा लागिपरेको उनले जानकारी दिइन् ।

जानकी र उनका भतिजा रामबहादुरविरुद्ध जाहेरी दर्ता भएपछि पक्राउ गरी अनुसन्धान बढाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख एसपी राजन लिम्बूले बताए । उनले आवश्यक अनुसन्धान सकेर अदालतसमक्ष बुझाउने जानकारी दिएका छन् । जग्गाधनीले चर्को दबाब दिएर जिल्ला प्रहरी कार्यालयमा राजवंशी परिवारविरुद्ध जाहेरी दर्ता गरेको बताइएको छ ।

## सभामुख घिमिरेले झापा २ मा ल्याए साढे ५ अर्वको बजेट



झापा, पुष २९ । विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले आफ्नो तीन वर्षे कार्यकालमा भए-गरेका कामको विवरण प्रस्तुत गरेका छन् । निर्वाचनका लागि मनोनयन दाखिला गर्ने अघिल्लो दिन आगामी माघ ५ गते कार्यकाल सकिन लागेका सभामुख घिमिरेले मंगलवार बिर्तामोड नगरपालिकामा अन्तरक्रिया कार्यक्रम गरी आफूले गरेका कामको विवरण सार्वजनिक गरेका हुन् । झापा निर्वाचन क्षेत्र नं २ का निवर्तमान सांसदसमेत रहेका घिमिरेले आफ्नो ३ वर्षे अवधिमा यस निर्वाचन क्षेत्रमा कुल ३२३ वटा योजनाहरु संघीय सरकारमार्फत पार्न सफल भएका छन् । जसमध्ये पहिलो वर्ष आर्थिक वर्ष ०८०/८१ मा ११२ वटा ८१/८२ मा १२१ वटा र ८२/८३ मा ९० वटा योजनाहरु परेका छन् ।बजेटका आधारमा ३ वर्षमा ५ अर्व ४९ करोड ९३ लाख रुपैयाँ परेको छ। जसमध्ये आ.व. ०८०/८१ मा ७२ करोड, ८१/८२ मा २ अर्व ३४ करोड र ८२/८३ मा २ अर्व ४३ करोड परेको छ।

बजेट परेपनि गत २ आ.व.को अवस्था हेर्दा ठेक्का ननिस्कने, निस्केको पनि कम मूल्यमा विडिङ हुने र त्यसमा पनि निर्धारित समयमा सम्पन्न नगर्दा बजेट फ्रिज हुने आदि कारणले समग्रमा ५० प्रतिशत बजेट मात्र खर्च भएको उनले जानकारी दिएका छन् ।

( सभामुख घिमिरेले प्रस्तुत गरेको कामको विस्तृत विवरण पृष्ठ ३ मा )

## प्रेस क्लबका खेलाडीलाई सम्मान



भद्रपुर । भद्रपुर प्रेस क्लबले मेचीनगर प्रेस क्लबको आयोजनामा पुष २७ र २८ गते सम्पन्न मैत्रीपूर्ण फुटबल प्रतियोगितामा सामेल खेलाडीलाई सम्मान गरेको छ । प्रतियोगितामा उपविजेता बन्न सफल क्लबले उत्सवस्वरूप खेलमा सहभागी खेलाडीलाई नगदसहित सम्मान गरेको हो । क्लबका अध्यक्ष राजबाबु शंकरको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका पूर्व नगरप्रमुख जीवनकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा खेलमा सहभागी खेलाडीलाई सम्मान गरिएको थियो । क्लबका उपाध्यक्ष तथा फुटबल प्रतियोगिताको नेतृत्व गरेका क्याप्टेन रोहित काफ्लेले सहजीकरण गरेको कार्यक्रममा भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकालले शुभकामना मन्तव्य राख्दै स्वास्थ्यका लागि खेल अनिवार्य रहेको बताएका छन् ।

## मेचीनगरमा डोर टोलीद्वारा नाप–तौल परीक्षण



धुलाबारी, पुष २९ । मेची उद्योग बाणिज्य संघले आयोजना गरेको व्यवसायीहरुको ढक, तराजु परीक्षण, नवीकरण तथा अनुमतिपत्र वितरण कार्य सम्पन्न भएको छ ।

मेची उद्योग बाणिज्य संघको आयोजना र गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरको सहकार्यमा मेचीनगरको पाँच ठाउँमा उक्त कार्यका लागि डोर टोली खटिएको थियो ।

मंगलबार डोर टोलीले चारआलीका ३१ जना व्यवसायीको ढक, तराजुको नाप, तौल र जाँच गरेको थियो । त्यस्तै १६ जना व्यवसायीले सदस्यता नविकरण गरेका थिए ।

चारआलीस्थित पूर्व बस स्टेण्डनजिकै मंगलदीप सप्लायर्स अगाडि डोर टोली खटिएको संघले जनाएको छ ।

यसैगरी सोमबार धाइजन मोडस्थित अधिकारी एग्रो भेट्स छेउमा डोर टोलीले गरेको उक्त कार्यमा २७ जना व्यवसायीको ढक, तराजुको नाप, तौल र जाँच गरेको थियो । त्यस्तै २१ जना व्यवसायीले सदस्यता नविकरण गरेका थिए ।

पुष २५ गते धुलाबारीस्थित संघको सचिवालय परिसरमा आयोजना भएको ढक, तराजुको नाप, तौल र जाँचमा ३४ जना व्यवसायी सहभागी थिए । २३ जना व्यवसायीले सदस्यता नविकरण गरे ।

पुष २४ गते मेचीनगर-७, इटाभट्टास्थित अधिकारी किराना पसल अगाडि डोर टोलीबाट ३२ जना व्यवसायीहरूले काँटा, ढक, तराजु, लिटर, मिटर जाँचको अनुमतिपत्र लिएका थिए

❖ बाँकी पृष्ठ ४ मा

## श्रीकृष्णद्वैपानको महापुराणको आयव्यय सार्वजनिक



भद्रपुर । भद्रपुर ७ स्थित श्रीकृष्णद्वैपान गुरूकुल वेद विद्याश्रममा मंसिर १६ गतेदेखि २६ गतेसम्म चलेको ब्रम्हवैवर्त महापुराणको आयव्यय सार्वजनिक गरिएको छ ।

गुरूकुल व्यवस्थापन समितिले सार्वजनिक गरेको विवरण अनुसार आयतर्फ ६५ लाख ३८ हजार ८४२ रूपैयाँ तथा खर्चतर्फ १६ लाख १५ हजार ६ रूपैयाँ रहेको सार्वजनिक गरिएको हो । गुरूकुल व्यवस्थापन समितिकी अध्यक्ष शान्ता बरालका अनुसार पुराणबाट संकलित बचत रकम ४९ लाख २३ हजार ८३६ मध्ये अक्षयकोष कटाएर २४ लाख ७९ हजार २३४ रूपैयाँ नगद बैंक खातामा रहेको छ ।

कोषाध्यक्ष गोविन्द कोइरालाका अनुसार पुराणमा दाताहरूबाट रकमको अलावा ७६ मन धान तथा १६७० किलो चामल समेत संकलन भएकोमा धानप्रति मन रू १३०० र चामलप्रति किलो रू ४० मा बेचेर नगदका रूपमा समायोजन गरिएको थियो ।

## केपी र बालेनसंग भिड्न राष्ट्रिय परिवर्तन पार्टीले राईलाई उठाउने



झापा, पुष २९ । नेकपा एमालेका अध्यक्ष केपी ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह उठ्न लागेको झापा क्षेत्र नं ५ बाट राष्ट्रिय परिवर्तन पार्टीका सविन चाम्लिङ राईले उम्मेद्वारी घोषणा गरेका छन् । मंगलबार बिर्तामोडमा पत्रकार सम्मेलन गरी पार्टीले झापा ५ मा राईले उमेद्वारी दिने घोषणा गरेका हुन् । ३५ वर्षीय राई कमल ५ निवासी हुन् । पार्टीका प्रवक्तासमेत रहेका राई फोटो तथा भिडियोग्राफी व्यवसायमा संलग्न छन् ।

पत्रकार सम्मेलनमा राईले जेनजी पुस्ताको प्रतिनिधिको रुपमा आफूले झापा-५ बाट चुनाव लड्ने बताए । 'जेनजी आन्दोलनका घाइते, सहिद परिवार र शुभेच्छुकको साझा पार्टीका रूपमा राष्ट्रिय परिवर्तन पार्टी उदाएको छ' राईले भने ।चुनाव चिन्ह बाँसुरी लिएर अगाडि बढेको परिवर्तन पार्टीले संक्षिप्त घोषणापत्र जारी गर्दै राष्ट्रिय सातवटा मुद्दामा आफ्नो धारणा पनि सार्वजनिक गरेको छ ।

आर्थिक उन्नतिका चार क्षेत्र जलविद्युत्, पर्यटन, कृषि र खनिज भएकाले यी क्षेत्रको योजनाबद्ध सुदृढीकरणमा ध्यान दिनुपर्ने पार्टीको धारणा रहेको महासचिव अञ्जु राईले बताइन् ।

जेनजी आन्दोलनका घाइते राजेश पोर्तेल राष्ट्रिय परिवर्तन पार्टीका अध्यक्ष छन् । उनी जेनजी आन्दोलनका क्रममा भदौ २४ गते बिर्तामोडमा प्रहरीसंग भएको झडपमा घाइते भएका थिए । उनले एउटा खुट्टा गुमाएका छन् ।


## धुलाबारी क्याम्पस
मेचीनगर १०, झापा

### सूचना

यस धुलाबारी क्याम्पस मे.न.पा. १० को लागि Lab व्यबस्थापनका सामाग्रीहरु चाहिने भएकाले फर्म तथा कम्पनीहरुले आवश्यक स्थायी लेखा नं Vat/PAN दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र तथा सम्पूर्ण कागजातहरुको प्रतिलिपि सहित आजको मितिबाट ७ दिन भित्र सुचिकृत हुनका लागि निबेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

इ. रुद्र मैनाली
क्याम्पस प्रमुख


## मलाई पद चाहिएको छैन, महाधिवेशनलाई उपलब्धिपूर्वक टुङ्ग्याउनु छ : गगन थापा



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विशेष महाधिवेशबाट आफूलाई पद नचाहिएको बताएका छन्।

नेपाली कांगेस विशेष महाधिवेशन पक्षधरद्वारा आयोजना गरिएको विशेष महाधिवेशको बन्दसत्रमा उनले आफूलाई पदका लागि विशेष महाधिवेशन नगरिएको स्पष्ट पारे।

महामन्त्री थापाले पार्टीको आन्तरिक लोकतन्त्रमा प्रश्न गर्न सबैले पाउनुपर्ने भन्दै आन्तरिक लोकतन्त्रमा प्रश्न गर्नु आँफैमा विद्रोह भएको धारणा राखे।

महामन्त्री थापाले पार्टीभित्र गुठ भन्दा पनि गिरोह बढ्दै गएको भन्दै पार्टीलाई बदल्न जरूरी रहेको उल्लेख गरे। उनले बाहिरको हल्लाको पछि नलाग्नसमेत सबैलाई आग्रह गरे।

## सर्पले टोकेर कमलका राजवंशीको मृत्यु



झापा, पुष २९ । सर्पले टोकेर झापामा एकजनाको मृत्यु भएको छ ।

कमल गाउँपालिका ६ सोनापुर गेउरीया बस्ने ३७ वर्षीय बुद्धिकुमार राजवंशीको सर्पको टोकाईबाट ज्यान गएको हो । आइतवार साँझ ७.३० बजे राजवंशीलाई आफ्नै घरको शौचालय जाने क्रममा विषालु सर्पले बायाँ खुट्टाको गोली गाँठोमा टोकेको थियो । उनलाई नेपाल रेडक्रस सोसाइटी उप-शाखा दमकमा ल्याई उपचार भइरहेकोमा थप उपचारको लागि सोमवार बिहान ७ बजे कोशी अस्पताल विराटनगर पुऱ्याई डाक्टरले चेकजाँच उनको मृत्यु भइसकेको थियो । मृतकको शव सोही अस्पतालमा रहेको छ । मृतक शवको कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय मोरङसँग आवश्यक समन्वय भइरहेको झापा प्रहरीले जनाएको छ ।


## श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड -५
मितिः २०८२/०९/२९

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना

श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-५ लाई एक जना फिल्ड कर्मचारी (बजार प्रतिनिधि) आवश्यकता परेको हुँदा मिति २०८२।१०।१५ गतेभित्र आवश्यक कागजपत्रसहित कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ ।

आवश्यक कागजपत्र
१. हस्तलिखित निवेदन
२. नागरिकताको प्रतिलिपि
३. एक थान फोटो
४. शैक्षिक योग्यता (SEE) वा सो सरह
५. निवेदन दस्तुर रु ५०० मात्र

चन्द प्रसाद काफले
अध्यक्ष
श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड- ५ अग्रसेन भवन जाने बाटो छेउ, शनिश्चरे रोड
बुद्धमार्ग सम्पर्कः ९८०१४४९५३३,९८०१४४९३८१

# अहंकार त्यागेर पार्टी बचाउन कांग्रेस नेतृत्वलाई पुराना नेता–कार्यकर्ताको आग्रह

नेपाली कांग्रेस पुनः विभाजनको डिलमा पुगेको छ । काठमाडौँको भृकुटीमण्डपमा जारी 'विशेष महाधिवेशन' र त्यसले अगाडि बढाएको नयाँ नेतृत्व चयन प्रक्रियाले पार्टीलाई औपचारिक रूपमै फुटको सँघारमा पुर्‍याएको हो ।

संस्थापन पक्षले विशेष महाधिवेशनलाई अवैधानिक भनिरहेका बेला आयोजक पक्ष भने नयाँ नेतृत्वका लागि निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरेर अगाडि बढिसकेको छ ।

कांग्रेसभित्र चुलिएको यो चरम विवाद र विभाजनको खतरालाई लिएर पार्टीका पुराना नेता–तथा कार्यकर्ता भने चिन्ता प्रकट गर्दछन् ।

विराटनगरकी पुरानो एवं निष्ठावान् नेतृ मृदुला कोइरालाले पार्टी विभाजनको डिलमा पुगेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेकी छन् । कोइराला परिवारको विरासत र कांग्रेसको लामो इतिहासलाई नजिकबाट हेरेकी उनले वर्तमान नेतृत्वलाई पार्टी विभाजन रोक्न आग्रहसमेत गरेकी छन् ।

नेतृ कोइरालाले पार्टीलाई फुटबाट जोगाउन नेतृत्व वर्ग अत्यन्तै गम्भीर हुनुपर्ने बताइन् । उनले अहिलेको अवस्था आउनुमा नेतृत्वको अहंकारी प्रवृत्ति मुख्य जिम्मेवार रहेको औँल्याइन् । 'यो पार्टीलाई कुनै पनि हालतमा फुट्न दिनु हुँदैन । नेतृत्व वर्ग जो अहिले पदमा हुनुहुन्छ, उहाँहरू गम्भीर हुने बेला आएको छ,' उनले भनिन्, 'तर दुःखको कुरा, अहिले नेतृत्वमा मेरो गोरुको बाह्रै टक्का भन्ने अहङ्कार देखिएको छ, जुन पार्टीका लागि घातक छ ।'

बीपी कोइरालाले ठुलो दुःख, कष्ट र संघर्ष गरेर स्थापना गरेको पार्टीलाई अहिले यो विन्दुमा पुर्‍याउनुमा वर्तमान नेताहरूकै दोष रहेको उनको ठहर छ । उनले नेतृत्वले आफ्नो गल्ती महसुस गर्नुपर्ने र यदि नेताहरूले इमानदार भएर माफी मागेमा जनता र कार्यकर्ताले पनि माफी दिने विश्वास व्यक्त गरिन् ।

कोइरालाले कांग्रेसको यो अवस्था देख्दा आफूलाई अत्यन्तै पीडा भएको बताउँदै विगतका त्याग र आदर्शको स्मरण गरिन् । उनले कांग्रेस त्यागले बनेको पार्टी भए पनि अहिले स्वार्थको अखडा बनेको आरोप लगाइन् । उनले गणेशमान सिंहले कहिल्यै पदको लोभ नगरेको र सधैँ त्यागको राजनीति गरेको उदाहरण दिँदै अहिलेका नेताहरूलाई त्यसबाट सिक्न आग्रह गरिन् ।

उनले कृष्णप्रसाद भट्टराईको सादगीपन सम्झँदै भनिन्, 'किशुनजी जस्तो नेता, जो बालुवाटारबाट निस्किँदा एउटा सुराही र एउटा लौरोमात्र लिएर निस्किनुभयो, उहाँको त्यो इतिहास अहिलेका नेताहरूले बिर्सिएका छन् ।'

त्यस्तै, गिरिजाप्रसाद कोइरालाले सधैँ पार्टी एकता, सहमति र सहकार्यको कुरा गरेको र सुशील कोइरालाले जोखिम मोलेर संविधान दिएर मुलुकलाई बचाएको सन्दर्भ पनि स्मरण गर्न उनले सबैलाई आग्रह गरिन् । सुशील कोइराला बालुवाटारबाट निस्किँदा आफ्नो भन्ने एउटा घर समेत नभएको स्मरण गर्दै उनले अहिलेका नेताहरू पद र पैसाको पछि दौडिएकोमा आलोचना गरिन् ।

'अहिलेका नेताहरू अत्यन्तै स्वार्थी भए, परिवारवादमा फसे र आफ्ना आसेपासेलाई मात्र प्रोत्साहन गर्न थाले । यही प्रवृत्तिले गर्दा पार्टीमा विद्रोह भएको हो,' रातोपाटीसँग कोइरालाले भनिन् । पैसा लिएर टिकट बेच्ने, वर्षौंदेखि पार्टीका लागि रगत, पसिना बगाएका इमानदार कार्यकर्ताको मूल्याङ्कन नगर्ने र सधैँ पद ओगटेर बस्ने प्रवृत्तिका कारण कार्यकर्तामा चरम आक्रोश पैदा भएको उनको विश्लेषण छ । पद छोड्न नचाहने नेतृत्वको ढिपीले गर्दा नै आज कांग्रेस विभाजनको यो सँघारमा आइपुगेको उनले दाबी गरिन् ।

यो सङ्कटको समाधानका लागि कोइरालाले दुवै पक्षलाई लचिलो हुन र सहमतिको विन्दु खोज्न आग्रह गरेकी छन् । विशेष महाधिवेशन पक्षधर र संस्थापन पक्ष दुवैले आफ्नो अडान छोडेर 'विन–विन' सिचुएसनमा नगए कांग्रेसको भविष्य अन्धकार हुने उनको चेतावनी छ । उनले भनिन्, 'मुलुकको सबभन्दा पुरानो र लोकतान्त्रिक पार्टी नै सिद्धियो भने यो मुलुकको प्रजातन्त्रको के होला ? यो एउटा कार्यकर्ताको मात्र होइन, हरेक नागरिकले सोच्नुपर्ने र चिन्ता गर्नुपर्ने विषय हो ।'

प्रजातन्त्रका लागि यत्रो लडाइँ लडेको पार्टी नै समाप्त हुने अवस्था आउनु दुःखद् भएको भन्दै उनले सबैतिरबाट नेताहरूलाई दबाब दिएर पार्टी बचाउन आह्वान गरिन् । महाधिवेशन शक्तिशाली ठाउँ भएको र यसले म्यान्डेट प्राप्त गरेको उल्लेख गर्दै उनले बेलैमा बुद्धि पुर्‍याएर सहमति नगरे स्थिति निकै गम्भीर हुने सङ्केत गरिन् । उनले कांग्रेसलाई बचाउनु नै अहिलेको प्रमुख आवश्यकता भएको र यसका लागि सबै पक्षले व्यक्तिगत र समूहगत स्वार्थ त्याग्नुपर्नेमा जोड दिइन् ।

विराटनगर निवासी कांग्रेसका पुराना तथा वयोवृद्ध नेता गोपालराज भण्डारीले पनि पार्टी नेतृत्वलाई व्यक्तिगत हठ त्यागेर एकताका लागि उभिन आग्रह गरेका छन् । बीपी कोइराला र गिरिजाप्रसाद कोइरालासँगै काम गरेका भण्डारीले अहिलेको नेतृत्वले विगतका नेताहरूको त्याग र बलिदानको इतिहासलाई बिर्सन नहुने बताए ।

२०११ सालमा जन्मिएका र कांग्रेसका संस्थापक नेताहरूसँगै लामो राजनीतिक यात्रा गरेका भण्डारीले पार्टी फुट्दा देशको लोकतन्त्र नै धरापमा पर्ने चेतावनी दिए । 'अहिले विशेष अधिवेशन र नियमित अधिवेशनको बिचको लडाइँ बनाएर जसरी पार्टीलाई धरापमा पार्दैछन्, यो हुन हुँदैन । त्यसकारण दुवै (संस्थापन र इतर) पक्षले हठ छोडेर एक ठाउँमा उभिनुपर्छ । पार्टीलाई एक ढिक्का बनाएर लैजानुपर्छ भन्ने मेरो मान्यता हो,' रातोपाटीसँग कुरा गर्दै उनले भने ।

विगतका दिनमा पार्टी सङ्कटको सँघारमा पुगेका बेलामा नेताहरूले देखाएको सुझबुझजस्तै अहिले पनि दुवै पक्ष संयमित भएर अघि बढ्नुपर्ने भण्डारीको भनाइ छ । 'विगतमा किसुनजी, गिरिजाबाबु वा गणेशमानजीले खेलेको भूमिका जस्तै त्याग, तपस्या र बलिदानलाई स्मरण गरी त्यस्तै खालको भूमिका निर्वाह गर्नुपर्छ,' उनले भने ।

विभिन्न कोणबाट नेपाली कांग्रेसलाई फुटाउने प्रयास भइराखेको चर्चा गर्दै भण्डारीले यस्ता खेलले समग्रमा लोकतन्त्र नै मास्न मद्दत गर्ने बताए । 'जेनजी आन्दोलनपछि जुन घटना घट्यो, जसरी तोडफोड र आगजनी जुन शक्तिहरूले गरे, तिनै शक्तिहरू कांग्रेसलाई फोड्न पनि अगाडि बढेको जस्तो लाग्छ मलाई,' उनले भने ।
भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनले नयाँ नेतृत्व चयनका लागि निर्वाचन कार्यतालिकासमेत बनाइसकेको छ भने अर्को पक्षले केन्द्रीय कार्यसमिति बैठक आयोजना गरेको छ । योसँगै कांग्रेस पार्टीको भविष्यमाथि ठुलो प्रश्न चिह्न खडा भएको भन्दै पुराना नेता–कार्यकर्ताले चिन्ता प्रकट गरेका हुन् ।

**मेचीनगरमा...**

भने २४ जनाले सदस्यता नविकरण गरेको संघले जनाएको छ ।
यस्तै डोर टोलीले पुष २३ गते पहिलो दिन काँकरभिट्टास्थित होटल बोर्डरल्याण्ड परिसरमा ४२ जना व्यवसायीले ढक, तराजु जाँच गरे भने र ३३ जना व्यवसायीहरुले स्थलगत रुपमा नै नविकरण गरेका थिए । डोर टोलीमा गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरका सहायक निरीक्षक अमितकुमार कर्ण, सिनियर मिस्त्री (सीमी) द्वय हरेराम महतो र अञ्जिता रेग्मी, कार्यालय सहायक पुना घिमिरे तथा संघका कर्मचारीहरु चेतबहादुर विक, हरिमाया बराल लगायत खटिएका थिए । डोर टोलीसँग मेची उद्योग बाणिज्य संघ अध्यक्ष खेमराज प्रसाई, उद्योग उपाध्यक्ष भूमि पौडेल, बाणिज्य उपाध्यक्ष कञ्चन बराल, महिला उपाध्यक्ष नर्मिला चौहान भण्डारी, महासचिव दिनेश शाक्य, सदस्यहरु सन्तोष खवास, मानकुमार कटुवाल, विनोद बानियाँ, तिलक (युवराज) विक, राजेश बंशल, कार्यकारी प्रमुख गोपाल वस्नेतलगायतको सक्रिय सहभागिता रहेको थियो ।
संघले गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरको सहकार्यमा वर्षेनि मेचीनगरमा व्यवसायीहरुको ढक, तराजु जाँच तथा सदस्यता नविकरणलाई निरन्तरता दिइरहेको कार्यकारी प्रमुख वस्नेतले बताए ।

## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

**सम्पर्क**
९८५२६४०४०५
9852640405

## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

**प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म**

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड

## श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड, झापा

२०८२ पुष ३० गते

## धितो लिलाम विक्री बारेको ३५ दिने सूचना

यस सस्थाको ऋण नीति बमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्य संस्थाहरुले उपयोग गरेको ऋण संस्थासंग ऋण लिने बेलामा गरेको लिखित सम्झौताभंग गरी सस्थालाई बुझाउनु पर्ने साँवा, व्याज तथा हजना रकम तीनं बझाउन नबाई आलटाल गरेको र तीनं बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तारताकेता गर्दा समेत वेवास्ता गरी अटेर गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (ख) बमोजिम यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतःयो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सस्थाको बिर्तामोड कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ, व्याज तथा हजनी रकम तिर्न बुझाउनहनु सूचित गरिन्छ । अन्यथा सहकारी नियमावली २०७५ को नियम ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनु पर्ने सांवा, व्याज, हर्जना र अन्य लाग्ने शुल्कहरु समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ ।

तपसिल:

| | |
|---|---|
| ऋणी सदस्यको नाम: | डिल्लीराम बास्कोटा |
| ऋणी सदस्यको बाबुको नाम | टिकाराम बास्कोटा |
| ऋणी सदस्यको बाजे | केवली राम बास्कोटा |
| ऋणी सदस्यको ठेगाना | शनिश्चरे बडा न.३ |
| सदस्यता नं. | ३४६ |
| ऋणको शीर्षक: | व्यवसायीक कर्जा |
| धन जमाती दिनेको विवरण: | डिल्लीराम बास्कोटा |

**धितोको विवरण:**
झापा जिल्ला बुद्धशान्ति गापा/नपा/उमनपा/मनपा वडा न २ बस्ने केवली राम बास्कोटाको नाती टिकाराम बास्कोटाको छोरा वर्ष ३० को डिल्लीराम बास्कोटाको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम भएको झापा जिल्ला साविक बुधबारे गा विस/न.पा ४ को हाल बुद्धशान्ति गापा/नपा/उ.म.न.पा.म.न.पा वडा नं. २ कि.नं. ३९३६ क्षेत्रफल २३१९.६८

चन्द्र प्रसाद काफ्ले
अध्यक्ष
श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.९८०१४४९५३३, ९८०१४४९३८१

## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534030
info@edb.com.np
www.edb.com.np

## यस बैंकका ग्राहक महानुभावहरुको खाता अद्यावधिक गर्ने सम्वन्धमा अत्यन्त जरुरी सूचना

नेपाल राष्ट्र बैंकद्धारा जारी भएको एकीकृत निर्देशन बमोजिम देहायका कार्यहरु गर्नु नभएका ग्राहक महानुभावहरुले यस विकास बैंकको नजिकैको शाखा कार्यालयमा सम्पर्क राखी आफ्नो खाता अद्यावधिक गर्नुहुन यसै सूचनामार्फत जानकारी गराउँदछौं ।

१. ग्राहक पहिचान फारम (KYC)अद्यावधिक नभएका ग्राहक महानुभावहरुले यथाशिघ्र नजिकैंको शाखामा गई आफ्नो विवरण (सम्पर्क नम्बर,हालको ठेगाना आदि परिवर्तन भए सो समेत)अद्यावधिक गर्नुहुन ।
२. मोबाईल नम्बर(Mobile Number) परिवर्तन भएको भए नयाँ मोबाइल नम्बर अद्यावधिक गर्नुहुन ।साथै मोबाईल नम्वर आफ्नो नाममा दर्ता नभएको अवस्थामा सम्बन्धित सेवा प्रदायक(नेपाल टेलिकम/एनसेल) सँग सम्पर्क गरी मोबाईल नम्वर आफ्नो नाममा दर्ता गरी सो समेत अद्यावधिक गर्नुहुन ।
३. राष्ट्रिय परिचय नम्बर (National ID Number)लिई अद्यावधिक नगरिएको भए सो नम्बर लिएर यस बैंकको नजिकको शाखामा गई जानकारी अद्यावधिक गर्नुहुन ।

धन्यवाद ।

## श्री टाघनडुब्बा सामुदायीक साना किसान कृषि सहकारी संस्था लि.

झापा गा.पा.-3, झापा

## शिलबन्दी दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति-2082/09/30

प्रस्तुत विषयमा यस टाघनडुब्बा सामुदायीक साना किसान कृषि सहकारी संस्था लि.झापा गा.पा.-3, झापा र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, झापाबिच भएको सम्झौता अनुसार यस सहकारीले संचालन गर्ने जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम अन्तर्गत तपशिलको स्पेशिफिकेसन अनुसारको रबर ट्र्याक कम्वाईन हार्भेष्टर खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक सप्लायर्सले निम्नानुसारको स्पेशिफिकेसन अनुसारको सामाग्रीको शिलबन्दी दररेट यो सूचना प्रकाशन भएको 30 औं दिन मिति-2082/11/01 गते भित्र यस श्री टाघनडुब्बा सामुदायीक साना किसान कृषि सहकारी संस्था लि.झापा गा.पा.-3, झापामा पेश गर्न आव्हान गरिन्छ।

तपशिलः

**1. रबर ट्र्याक कम्वाईन हार्भेष्टर**

| S.N | Description | | Unit | Technical Specification |
|---|---|---|---|---|
| 1 | Type | | | Self-Propelled Crawl type combine harvester of minimum 100 HP |
| 2 | Work efficiency | | Bigga per hour | 0.5 to 1.5 |
| 3 | Threshing Efficiency | | | more than 98% |
| 4 | Crop Cutting Capacity | | Kg / second | 5 to 6 |
| 5 | Ground Clearance | | mm | Minimum 350mm |
| 6 | Machine Dimensions | Around | Metre | Approx. 5-5.8 m Length, 2.4- 2.7 m Breadth, 2.5-3 m Height |
| 7 | Engine Specifications | Type | | Type: Diesel Engine, 4 Stroke, Inline, Vertical, Liquid -cooled, Turbo Charge,RPM: 2400-2600, Fuel Tank Capacity: 150 L, Fuel Consumption:7 to 10 Litre/hour, Power System: Hydraulic gearbox with minimum 45cc hydrostatic transmission (HST) ensuring smooth operation, Power: minimum 100 HP |
| 8 | Rubber Crawler | Width of Track | | Width of Track:500-600mm,TrackMaterial:High Strength rubber reinforced with steel belts |
| 9 | Header | | | Cutting Header :Telescopic Transverse Conveyor Auger, Cutting Width: Minimum 2100, Type: Horizontal Cutter, Reel: Ecentric Finger(Tooth) , Reel Diameter:900 mm |
| 10 | Harvesting Features | Threshing Mechanism | | Vertical Axial Flow full feeding |
| | | Grain Tank Capacity | Cum | 1.6 |
| | | Unloading Speed | litres/second | 20-50 litres/second |
| | | Grain loss Rate | | Equal or less than 1.5% |
| 11 | Other Features | Steering | | Hydraulic |
| | | Gear | | Min. 3 Forward and 1 Reverse |
| | | Drive System | | Rubber Track for stability |
| | | Straw Walker | | Axial Flow Threshing System with vibrating sieves and centrifugal fan for separation constructed with durable Material |
| | | Residue Management | | Straw chopper and Spreader/ Baler compulsory |
| | | Cabin | | Semi enclosed, Digital display for monitoring as possible |
| | | Lighting | | Led or Halogen for nighttime operation |
| | | Crop Adapted | | Rice and other Multicrop too |
| 12 | Certification | Dealer Authorization Certificate, Warranty Certificate,Performance Test Certificate, Test Report Certificate, ISO Certificate, etc. as possible will be highly encouraged | | |

1. कोटेशन पेश गर्दा मुल्य अभिवृद्धि कर (VAT) सहितको मूल्य, कम्पनीको नाम, ब्राण्ड, स्पेशिफिकेसन स्पष्ट खुलाउनु पर्ने छ।
2. सामाग्री टाघनडुब्बा सामुदायीक साना किसान कृषि सहकारी संस्था लि.झापा गा.पा.-3, झापासम्म ढुवानी, जडान, तालिम गर्दाको सर्त र अवधि समेत उल्लेख गर्नु पर्नेछ।
3. शिलबन्दी दररेट कोटेशन छनौट सम्बन्धि अन्तिम निर्णय सहकारीमा निहित रहनेछ।
4. शिलबन्दी दररेट यस सहकारीको कार्यालय झापा गा.पा.-3, कामटोली झापामा बुझाउनु पर्नेछ।
5. कम्पनीको डिस्टीब्युटर अथोराईजेशन लेटर, पर्फमेन्स लेटर, कम्पनी नविकरण गरिएका आदि कागजात बुझाउनु पर्नेछ।
6. शिलबन्दी दररेट पेश गर्ने सप्लायर्स राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, झापामा सुचिकृत भएको हुनु पर्नेछ।

थप जानकारीका लागि सम्पर्क श्री टाघनडुब्बा सामुदायीक साना किसान कृषि सहकारी संस्था लि.झापा गा.पा.-3, झापा केशव कटुवाल 9817968829

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३–५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# असमान गरिबी

देशका तीन सय नौ स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसत अर्थात् २०.२७ प्रतिशतभन्दा कम छ भने चार सय ४४ स्थानीय तहको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी छ। उक्त अध्ययनका अनुसार नेपालमा स्थानीय तहको गरिबीको दर न्यूनतम १.१८ देखि अधिकतम ७७.८९ पाइएको छ। यसले नेपालका स्थानीय तहमा गरिबी कसरी असमान हिसाबमा वितरित छ भन्ने देखिन्छ।

गत सार्वजनिक आँकलनअनुसार स्थानीय तहमा सबैभन्दा बढी गरिबीको दर ७७.८९ प्रतिशत जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिकामा छ। सबैभन्दा कम अर्थात् १.१८ प्रतिशत गरिबीको दर मुस्ताङको घरपझोङ गाउँपालिकामा छ। यसैगरी गरिबीको रेखामुनि रहेको जनसंख्या सबैभन्दा धेरै ५९ हजार दुई सय १८ काठमाडौं महानगरपालिकामा छ, जबकि महानगरपालिकामा गरिबीको दर ६.८७ प्रतिशत छ। यसैगरी जिल्लागत तहको गरिबी विश्लेषण गर्दा सबैभन्दा धेरै ४९.५८ प्रतिशत सुदूरपश्चिम प्रदेशको अछाममा र सबैभन्दा कम गण्डकी प्रदेशको कास्कीमा ५.६३ प्रतिशत छ। यसैगरी जिल्लागत गरिबीको दरको विश्लेषण गर्दा ३४ जिल्लाको गरिबीको दर राष्ट्रिय औसत २०.२७ प्रतिशतभन्दा कम र ४३ जिल्लाको गरिबीको दर राष्ट्रिय औसतभन्दा बढी देखिएको छ। प्रदेशगत रूपमा भने सबैभन्दा कम गरिबी गण्डकी प्रदेशमा रहेको छ भने सबैभन्दा बढी गरिबी सुदूरपश्चिम प्रदेशमा छ।

राष्ट्रिय तथ्यांक कार्यालयले यसअघि सार्वजनिक गरेको नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) मा नेपालमा अझै पनि सरदर २०.२७ प्रतिशत मानिसहरू गरिबीको रेखामुनि रहेको जनाइएको छ। स्मरणीय छ, पहिलो नेपाल जीवनस्तर सर्वेक्षण (आर्थिक वर्ष २०५२/५३) को प्रतिवेदनअनुसार नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ४१.७६ प्रतिशत थियो। दोस्रो नेपाल जीवनस्तर सर्वेक्षण (२०६०/६१) को प्रतिवेदनअनुसार यस्तो जनसंख्या ३०.८५ प्रतिशत थियो भने तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण (२०६६/६७) को प्रतिवेदनअनुसार गरिबीको रेखामुनिको जनसंख्या २५.३९ प्रतिशत थियो। यसरी तुलनात्मक रूपमा हेर्दा पछिल्लो करिब चार दशकमा नेपालमा गरिबीको रेखामुनिको जनसंख्या १९.४९ प्रतिशत विन्दुले घटेको देखिन्छ। तर यो गरिबी निवारणमा रेमिट्यान्सको योगदान अत्यधिक छ। तर, रेमिट्यान्स दिगो आर्थिक स्रोत होइन। रेमिट्यान्स घटनासाथ गरिबी फेरि बढ्ने विज्ञको तर्क छ। हाम्रो तथ्यांकले गरिबी घटेको देखाए पनि नेपाली समाजमा अझै गरिबी र अभावसँग लडिरहेका, जीवनका लागि संघर्ष गरिरहेका, रोग र भोकसँग लडिरहेका, निन्याउरो अनुहार लिएर आयआर्जनको अवसर खोजिरहेका मान्छेको भिड देखिन्छ।

यो सन्दर्भमा गत साता सार्वजनिक गरिएको 'गरिबीको लघुक्षेत्र अनुमान–२०२३'ले देशका सबै प्रदेश, स्थानीय तह र जिल्लामा गरिबीको परि दृश्य कस्तो छ भनेर प्रस्ट्याएको छ। तथ्यांक कार्यालयका अनुसार देश संघीयतामा गएपछि संघ, प्रदेश र स्थानीय तहको नीति योजना तथा कार्यक्रम निर्माणमा खण्डीकृत र स्थानीय तथ्यांकको माग हुने सन्दर्भमा यो तथ्यांकको महत्त्व अहम् छ। त्यसो त नेपालमा गरिबी निवारण एक प्रमुख सामाजिक मुद्दा हो र तीनै तहको प्राथमिकताको विषय पनि हो। गरिबी निवारणका लागि चाहिने नीति, योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि यस्ता तथ्यांक निकै उपयोगी हुन्छन्। यसैगरी गरिबी लक्षित कार्यक्रम सञ्चालन, गरिबीको वास्तविक अवस्था पत्ता लगाउन, लक्षित क्षेत्र र वर्गको प्राथमिकीकरण गर्न, स्रोतसाधनको वितरण र वित्तीय हस्तान्तरणलाई थप वस्तुपरक बनाउन यी तथ्यांकको उपयोग हुन्छ। त्यो हिसाबले लघुक्षेत्र अनुमान विधिबाट प्राप्त गरिबीको तथ्यांकको प्रयोग महत्वपूर्ण मानिन्छ।




# निर्वाचनमा मौन अवधि



• यज्ञप्रसाद भट्टराई

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकाले निर्वाचन आयोगको यही २०८२ पुस १२ गतेको निर्णय अनुसार स्वीकृत निर्वाचन आचारसंहिता नेपाल राजपत्रमा प्रकाशित भएको छ । निर्वाचन आचारसंहिताको दफा १७ मा निर्वाचनको मौन अवधिमा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरिएको छ । आउँदो फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएको छ । फागुन १८ गते राति १२ बजेदेखि मौन अवधि सुरु हुने कानुनी व्यवस्था छ ।

निर्वाचनमा मौन अवधि भनेको मतदान हुनुभन्दा ठिकअघि तोकिएको समय हो । जुन समयमा कुनै पनि प्रकारको चुनावी प्रचारप्रसार गर्न नपाइने व्यवस्था गरिएको हुन्छ । मौन अवधिमा उम्मेदवार, दल वा दलका समर्थकले भाषण, जुलुस, विज्ञापन, सामाजिक सञ्जालमार्फत प्रचारप्रसार गरी मत माग्ने कुनै पनि गतिविधि गर्न पाउने अवस्था हुँदैन ।

मौन अवधिको उद्देश्य मतदाताले कुनै पनि दबाब, प्रभावबिना शान्त रूपमा सोचेर र विवेक प्रयोग गरेर मतदान गर्न सकून् भन्ने हो । मतदातालाई स्वतन्त्र, निष्पक्ष र दबाबरहित वातावरणमा मतदान गर्न सहयोग पुगोस् भन्ने ध्येयले मौन अवधिको व्यवस्था गरिएको हुन्छ ।

मतदातालाई सोच्ने समय दिनुपर्ने अर्थात् प्रचारप्रसारको चर्को माहोलबाट टाढा राखी मतदाताले शान्त मनले निर्णय गर्न पाउने वातावरण बनाउनुपर्ने हुन्छ । त्यसै गरी मतदातालाई आइपर्ने अनावश्यक दबाब र प्रभाव रोकी मतदानको अन्तिम समयमा हुने दल तथा उम्मेदवारको भड्किलो भाषण, झुटा आरोप, डरत्रास वा प्रलोभनबाट मतदातालाई जोगाउनु आवश्यक हुन्छ ।

स्वतन्त्र र निष्पक्ष मतदान सुनिश्चित गर्न अर्थात् कुनै दल वा उम्मेदवारको पक्षमा असमान प्रभाव नपरोस् भन्ने कुरा सुनिश्चित गर्न आवश्यक देखिन्छ । त्यसै गरी निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन गरी स्वस्थ लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन एवं समान प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न तथा आर्थिक वा साङ्गठनिक रूपमा बलिया पक्षले अन्तिम घडीमा बढी प्रचार गरेर फाइदा लिन नपाओस् भन्ने उद्देश्यले पनि मौन अवधिको व्यवस्था आवश्यक पर्ने गर्छ ।

मतदान प्रक्रियालाई शान्त, मर्यादित र व्यवस्थित बनाउने र निर्वाचनसम्बन्धी हिंसा, झडप र विवाद कम गर्ने प्रयोजनले मौनको व्यवस्था गरिएको हुन्छ । मतदाताको निर्णयमा आत्मविश्वास बढाउन एवं निर्वाचन परिणामलाई जनस्वीकृत र विश्वसनीय बनाउने प्रयोजनले मौन अवधि राखिएको देखिन्छ । निर्वाचनमा मौन अवधि राख्नुका सकारात्मक र नकारात्मक दुवै पक्ष रहेका हुन्छन् । मौन अवधिले मतदातालाई शान्त रूपमा सोच्ने अवसर दिन्छ । अन्तिम क्षणको भड्किलो प्रचारप्रसारको रोकथाम गर्न सहयोग पुग्ने देखिन्छ । सबै उम्मेदवारलाई समान अवसर मिली शक्तिशाली पक्षको अनुचित दबाब र प्रभाव घट्ने अवस्था हुन्छ । मौन अवधिमा जुलुस, भाषण र भिडभाड नहुँदा झडप र तनाव कम भई निर्वाचन परिणामलाई जनताले बढी स्वीकार्ने वातावरण बनाउन सहयोग पुग्ने हुन्छ ।

मौन अवधिको नकारात्मक पक्ष पनि उत्तिकै रहेको हुन्छ । अन्तिम समयमा आएका महत्वपूर्ण तथ्य वा स्पष्टीकरण मतदातासम्म पुग्न नसक्ने जोखिम पनि रहन सक्छ । मौन अवधि भए पनि अनौपचारिक वा गोप्य रूपमा प्रचारप्रसार भइरहने सम्भावना रहेको हुन्छ । मौन अवधिको उल्लङ्घन भएकोमा निगरानी गरी कारबाही गर्न प्रशासनलाई चुनौती हुन्छ । यस अवधिलाई अभिव्यक्ति स्वतन्त्रतामाथि अस्थायी रोकका रूपमा लिन सक्ने अवस्था हुन सक्छ । नेपालको सन्दर्भमा भन्ने हो भने मौन अवधिमा मतदाता खरिदबिक्री गर्ने समयका रूपमा विकृत हुँदै आएको भनी निर्वाचन सरोकारवालाबाट आलोचना भएको पाइन्छ ।

अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हेर्दा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २५ ले प्रत्येक नागरिकलाई स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत प्रतिनिधि छान्ने अधिकार सुनिश्चित गर्छ । त्यसैले निर्वाचनमा मौन अवधि यही धारा अन्तर्गत स्वतन्त्र र निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने सहायक व्यवस्थाका रूपमा स्वीकार गर्न सकिन्छ । भेनिस कमिसनले रिफ्लेक्सन पिरियड वा इलेक्सन साइलेन्सलाई लोकतान्त्रिक निर्वाचनको स्वीकार्य अभ्यास मानेको छ । यसले मौन अवधि अत्यधिक लामो हुनु नहुने कुरालाई जोड दिइएको पाइन्छ ।

विधिशास्त्रीय मान्यता अनुसार निर्वाचनको सबैभन्दा आधारभूत मान्यता भनेको निर्वाचन स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनु पर्छ भन्ने हो । मौन अवधिले मतदातामा पर्ने अन्तिम क्षणको दबाब, भ्रामक प्रचार र असमान प्रभावलाई रोक्ने र निर्वाचन प्रक्रियाको शुद्धता कायम गर्न सहयोग पुग्छ भन्ने मान्यता रहेको छ । लोकतान्त्रिक सिद्धान्त अनुसार मतदाताले निर्वाचनमा स्वतन्त्र विवेक प्रयोग गर्न सक्षम हुनु पर्छ । मौन अवधिले मतदातालाई प्रचारप्रसारको प्रभावबाट अलग गरी सोच्ने समय दिन्छ र मतदाताको विवेकपूर्ण निर्णय गर्ने अधिकार सुरक्षित गर्छ भन्ने विश्वास पनि रहेको हुन्छ ।

निर्वाचनमा मौन अवधि लोकतन्त्रको रक्षा गर्न बनाइएको अस्थायी कानुनी उपकरण भएकाले यसले अभिव्यक्ति स्वतन्त्रता र निष्पक्ष निर्वाचनबिच सन्तुलन कायम गर्न सहयोग गर्छ । निर्वाचन केवल कानुनी प्रक्रिया मात्र नभएर नैतिक अभ्यास पनि हो । निर्वाचनमा मौन अवधिले मर्यादित, सभ्य र जिम्मेवार चुनावी संस्कृतिलाई प्रवर्धन गर्न सहयोग पुग्ने मान्यता रहेको छ । निर्वाचन आचारसंहिता, २०८२ मा मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणको व्यवस्था रहेको छ । त्यस अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले मौन अवधिसम्बन्धी आचरण पालना गर्नुपर्ने प्रावधान छ ।

निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने प्रावधान छ । मतदान हुने दिनको ४८ घण्टाअघि मतदान स्थलको तीन सय मिटरवरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने हुन्छ । त्यसै गरी कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइँदैन । मौन अवधिमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा सेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने व्यवस्था छ ।

आचारसंहिताले मतदानको दिन पालना गर्नुपर्ने आचरणको व्यवस्थासमेत गरेको छ । राजनीतिक दल, उम्मेदवार तथा दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिह्न वा मत सङ्केत भएको पहिरन वा ब्याच लगाउन नहुने एवं मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोसाक र चिजवस्तु लगाउन, बोक्न वा देखाउन नपाइने व्यवस्था छ । कुनै किसिमको सवारीसाधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने, तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताका लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारीसाधन प्रयोग गर्न बाधा नपर्ने प्रावधान रहेको छ । मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने व्यवस्था आचारसंहिताले गरेको देखिन्छ ।

निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा २४ को उपदफा (५) मा कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टाअघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचारप्रसार गर्न वा गराउन हुँदैन भन्ने कानुनी व्यवस्था गरिएको छ ।

नेपालको सन्दर्भमा विगतका अभ्यास हेर्दा मौन अवधिको समयलाई अत्यन्त विकृत बनाइएको पाइन्छ । दल वा उम्मेदवारले तटस्थ मतदातालाई नगद वा जिन्सी वितरण गरेर दबाब, प्रभाव र प्रलोभनमा पारेर मत आफ्नो पक्षमा पार्ने गरेको भन्ने चौतर्फी आलोचना हुने गरेको छ । निर्वाचन आयोगसमेत आलोचित हुनु परेको अवस्था छ । मौन अवधिमा हुने अवाञ्छित गतिविधिलाई रोकी स्वतन्त्र, स्वच्छ र विश्वसनीय निर्वाचनलाई असर पुर्‍याउने खालका कार्य गर्ने दल तथा उम्मेदवारलाई निर्वाचन कसुर तथा सजाय ऐन तथा निर्वाचन आयोग ऐनबमोजिम हदैसम्मको कडा कारबाही गर्नुपर्ने हुन्छ र त्यस्ता उम्मेदवारको उम्मेदवारीसमेत खारेज गर्नु आवश्यक छ । त्यस कार्यका लागि प्रमाण सङ्कलन गर्न सूक्ष्म अनुगमन टोली खटाउनु जरुरी देखिन्छ । मौन अवधिमा मतदातालाई प्रलोभन र प्रभावमा पार्ने कार्यलाई रोकी मतदाताले आफ्नो विवेकको प्रयोग गरी योग्य र इमानदार उम्मेदवारको छनोट गर्ने वातावरण सिर्जना गर्न सबै निर्वाचन सरोकारवालाको सार्थक सहयोग र भूमिका आवश्यक देखिन्छ ।गोप

# नेपाली राजनीतिको नयाँ व्याकरण



• डा. विधुप्रकाश कायस्थ

नेपालको राजनीति अहिले एउटा गम्भीर नियतितर्फ उन्मुख छ। पुराना भाष्यहरू भत्किँदै छन्। नयाँ क्षितिज अझै स्पष्ट भइसकेको छैन। तीन दशकदेखि नेपालको सत्ताको बागडोर केही नेताको वरिपरि घुमिरह्यो। कहिले एउटाको नेतृत्वमा अर्को सहभागी हुने त कहिले अर्कोलाई ढालेर आफू कुर्सीमा उक्लिने यो चक्रले देशलाई स्थिरताको सट्टा चरम निराशा मात्र बाँड्यो। अहिले काठमाडौंका सडकदेखि गाउँका चौतारीहरूसम्मको राजनीतिक चेत बदलिएको छ। एउटा पुरानो युग अब आफ्नो अन्तिम सास फेर्दै छ। नयाँ युगको पदचाप सुनिँदै छ। वर्षौंदेखि देशको नियति निर्धारण गर्दै आएका तीन ठूला शक्तिहरू नेपाल कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्र अहिले इतिहासकै सबैभन्दा गम्भीर अस्तित्वको संकटमा छन्। दशकौंसम्म यी दलहरूले जनतालाई सपना मात्र देखाए। तर ती सपना पूरा गर्ने तत्परता कहिल्यै देखाएनन्। सत्तामा बस्नेहरूको अनुहार फेरिएनन्। उनीहरूको सत्ता समीकरण र कार्यकक्षहरू मात्र फेरिए। इतिहास सधैं एउटै लयमा चल्दैन। २०८२ सालको भदौ-असोजमा देखिएको 'युवा आन्दोलन' नेपाली राजनीतिको इतिहासमा एउटा प्रस्थानविन्दु सावित भयो। यो आन्दोलन केवल सरकार परिवर्तनको मागमा सीमित मात्र नभएर वर्षौंदेखि जरा गाडेर बसेको संस्थागत भ्रष्टाचार, नातावाद, कृपावाद र अक्षम नेतृत्व विरुद्धको सामूहिक जन-विद्रोह थियो।

सामाजिक सञ्जालबाट सुरु भएर सडकसम्म पोखिएको त्यो आक्रोशले परम्परागत राजनीतिको व्याकरण नै बदलिदियो। त्यो आन्दोलनले एउटा स्पष्ट सन्देश दिएको छ- अब नेपाली जनता दलहरूले गर्ने 'आश्वासनको खेती'बाट अघाइसकेका छन्। हिजोका 'मुक्तिदाता' भनिएका नेताहरू आज 'शोषक'जस्ता देखिन थालेका छन्। नयाँ पुस्ताले नेतृत्वको विकल्प नै खोजिरहेको छ। यो हलचलले अबको राजनीति केवल विरासत र इतिहासको ब्याजमा नचल्ने प्रस्ट संकेत दिइसकेको छ। अबको राजनीतिले सकरात्मक परिणाम, नैतिकता र नयाँ दृष्टिकोणको माग गर्दछ।

नेतृत्वमा पुस्तान्तरणको चर्को दबाबः वैचारिक शून्यतामा रुमल्लिएका पुराना दलभित्र युवा नेतृत्व स्थापित हुनुपर्ने अनिवार्य चुनौती।

सिद्धान्तहीन गठबन्धन र आर्थिक अधोगतिः केवल सत्ता टिकाउन गरिने अपारदर्शी समीकरणले थला परेको देशको अर्थतन्त्र र बढ्दो युवा पलायन।

२०८२ फागुनको निर्वाचन र अन्तिम परीक्षाः देशको भविष्य र वर्तमान व्यवस्थाको आयु तय गर्ने निर्णायक घडी।

भत्किँदै गरेका किल्लाहरू, पुराना दलको दयनीय अवस्थाः कांग्रेसको नेतृत्व अहिले संकटमा छ। देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी कांग्रेस अहिले वैचारिक शून्यतामा छ। पार्टीभित्रको गुटबन्दी अब केवल पदका लागि मात्र सीमित छैन, यो 'पुस्तान्तरण' को ठूलो लडाइँ बनेको छ। युवा नेताहरू अब पुरानो र शिथिल नेतृत्वको भारी बोक्न तयार छैनन्। उनीहरूलाई थाहा छ, यदि नेतृत्व परिवर्तन भएन भने २०८२ को निर्वाचनमा कांग्रेसले आफ्नो ऐतिहासिक अस्तित्व जोगाउन कठिन हुनेछ। नेकपा एमालेमा केपी शर्मा ओलीको एकल नेतृत्वलाई लिएर बाहिरबाट हेर्दा अनुशासन देखिए पनि भित्रभित्रै असन्तुष्टिको ज्वालामुखी दन्किरहेको छ।

२०८२ मा नाटकीय रूपमा सरकार ढलेपछि पार्टीमा वैचारिक संकट झन् गहिरियो। 'समृद्ध नेपाल'को नाराले मात्र अब कार्यकर्ताको पेट भरिने अवस्था छैन। नेतृत्वको कठोर शैली र नयाँ विचारलाई निषेध गर्ने प्रवृत्तिका कारण एमालेभित्र एउटा ठूलो पंक्ति विकल्पको खोजीमा छ। माओवादी केन्द्र हाल रक्षात्मक अवस्थामा छ।

नेपाली कम्युनिस्ट पार्टीको झन्डामुनि केही अन्य साना कम्युनिस्ट दलहरूको विलयसँगै यसले आफूलाई रूपान्तरण गरेको छ। सत्ताको चंगुलमा फस्दै जाँदा यो पार्टी जुन एजेन्डा र परिवर्तनहरूमा आधारित भएर ठूलो भएको थियो, ती सबै हराइसकेका छन्। जनताको आधारभूत समस्याभन्दा शक्तिको अंकगणितमा बढी केन्द्रित भएर माओवादीहरूले आफ्नो 'मूल' जनमत गुमाउँदैछन्। यो पार्टी अहिले साना गुट र समूहमा विभाजित हुँदै जाँदा यसको राष्ट्रिय प्रभाव घट्दै गइरहेको छ।

सिद्धान्तविहीन गठबन्धन र आर्थिक शिथिलता : नेपालको राजनीतिमा अहिले सबैभन्दा दुः खद् पक्ष भनेको 'सिद्धान्तको मृत्यु' हो। कुन दल कुन बेला कोसँग मिल्छ, त्यसको कुनै राजनीतिक आधार छैन। बिहान एउटा गठबन्धन बन्छ, बेलुका भत्कन्छ र अर्को बन्छ। यी गठबन्धनहरू देश विकासका लागि होइनन्, बरु सत्तामा कसरी टिकिरहने र राज्यको ढुकुटीमा कसरी हालीमुहाली गर्ने भन्ने स्वार्थमा आधारित छन्।

बालुवाको घरजस्ता कच्चा गठबन्धनहरूलाई नेताहरू बनाउन र भत्काउन व्यस्त हुँदा देशको आर्थिक सूचकांकहरू ओरालो लागेका छन्। युवा पलायन डरलाग्दो छ। महँगीले आकाश छोएको छ। विकास निर्माणका कामहरू ठप्प छन्।

नयाँ शक्ति र पुरानो चाहनाको द्वन्द्व : पुराना दलहरूको विफलताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरूका लागि खेल्ने ठाउँ त बनाइदियो। तर तिनीहरूमा जनताले चाहेको लोककल्याणकारी राज्यलाई बुझ्ने क्षमता देखिएन। नयाँ पार्टीहरूलाई जनताले आशाका रूपमा हेरे तापनि यी पार्टीहरू पनि आन्तरिक अनुशासन, परिपक्वता र स्पष्ट कार्यदिशाको अभावमा अल्मलिएको देखिन्छन्। नयाँ अनुहार आउँदैमा प्रवृत्ति परिवर्तन भइहाल्छ भन्ने ग्यारेन्टी नभएको आभास जनतालाई हुन थालेको छ। यही राजनीतिक अन्योल र अस्थिरताको बीचमा एउटा सानो समूहले फेरि राजसंस्थाको बहसलाई ब्युँताउन खोजिरहेको छ।

जुन राजतन्त्रप्रतिको प्रेमभन्दा पनि वर्तमान गणतान्त्रिक नेताहरूको अकर्मण्यताप्रतिको आक्रोश हो। मानिसहरूले अपदस्थ राजालाई पुनर्स्थापित गर्न खोजेका नभएर स्थिरता, सुरक्षा र स्वदेशमै गरिखान दिने अभिभावकत्व खोजेका हुन्। जनताको यस्तो चाहना वर्तमान व्यवस्थाले पूरा गर्न सकेन। स्वस्फूर्त परिवर्तन स्वभाविक रूपले देश, काल र परिस्थिति अनुकूल हुन्छ भने बाह्यशक्तिको निहित स्वार्थद्वारा परिचालित आन्दोलनको परिणति सदैव दुर्भाग्यपूर्ण हुन्छ। यो शाश्वत सत्यलाई जिम्मेवारी दिने र लिने प्रक्रियाको अग्रपंक्तिमा रहेका पात्रहरूले बुझ्नै पर्छ। विडम्बना के रहँदै आयो भने सत्ता हस्तान्तरणको गम्भीर घडीहरूमा यो सत्यलाई सधैं कुनामा धकेलियो। नेपालमा हालै भएको उथलपुथलमा पनि यस्तै भयो।

फागुन २०८२ को निर्वाचन, व्यवस्थाको अग्निपरीक्षा : आउँदो २०८२ फागुनमा हुने निर्वाचन कुनै सामान्य आवधिक निर्वाचनमात्र होइन। यो नेपालको वर्तमान राजनीतिक व्यवस्था र संविधानकै लागि एउटा ठूलो अग्निपरीक्षा हो। यदि यो चुनावले पनि पुरानै अनुहार र पुरानै प्रवृत्तिलाई दोहोर्‍यायो भने जनताको धैर्यको बाँध टुट्न सक्छ। आउने समयमा नेपाली राजनीतिको बाटो कस्तो होला भन्ने कुरा यी तीनवटा मुख्य प्रश्नमा अडिएको छ : -

पहिलो कुरा नेतृत्वको हो। वर्षौंदेखि सत्तामा रहेका पुराना दलहरूका केही नेताहरू अहिले जनतामाझ खासै लोकप्रिय छैनन्। के अब ती दलहरूले आफ्ना पुराना नेताहरूलाई बिदा गरेर नयाँ, पढे-लेखेका र क्षमतावान् युवाहरूलाई अगाडि ल्याउने हिम्मत गर्लान् ? यो हेर्न बाँकी नै छ। दोस्रो कुरा नयाँ शक्तिहरूको एकता हो। अहिले धेरै नयाँ अनुहार र पार्टीहरू राजनीतिमा आएका छन्। तर तिनीहरू ससाना समूहमा बाँडिएर बस्ने हुन् कि सबै मिलेर एउटा बलियो शक्ति बन्ने हुन् ? यदि उनीहरू एकजुट हुन सके भने मात्र देशले एउटा भरपर्दो विकल्प पाउनेछ।

तेस्रो र सबैभन्दा महत्वपूर्ण कुरा जनताका समस्या हुन्। अहिलेसम्मको राजनीतिमा कुन नेताले कुर्सी पाउने भन्नेमै लुछाचुँडी बढी भयो। तर अबको चुनावमा 'को प्रधानमन्त्री बन्ने' भन्ने चर्चामात्र गर्ने कि बढ्दो महँगी, बेरोजगारी र स्वदेशमै उत्पादन बढाउनेजस्ता भुइँमान्छेका समस्यालाई मुख्य मुद्दा बनाउने ? आसन्न निर्वाचनले नेपाललाई या त एउटा स्थिर र समृद्ध बाटोमा लैजानेछ, या अझै ठूलो राजनीतिक अस्थिरता र द्वन्द्वको भुमरीमा धकेल्नेछ। सत्ताको यो फोहोरी खेल अब सकिनै पर्छ। यदि नेताहरूले समयको पदचापलाई बुझ्न सकेनन् भने इतिहासको पानामा उनीहरूको नाम केवल 'देश बिगार्ने पात्र'का रूपमा मात्र सीमित हुनेछ। अबको निर्वाचनले केवल सरकारमात्र होइन, नेपालको भविष्यको दिशा र दशाको फैसला गर्नेछ। अपू

# झापा क्षेत्र नं २ को पत्रकार सम्मेलनमा प्रस्तुत मन्तव्य

**मिति २०८२।०९।२९**

उपस्थित नगरप्रमुखहरु, गाउँपालिका अध्यक्षज्यू, विभिन्न राजनैतिक दलका केन्द्रदेखि स्थानीय तहसम्मका नेतागण, विभिन्न मिडियासंग आवद्ध पत्रकार मित्रहरु एवम् उपस्थित दिदीबहिनी तथा दाजुभाइहरु,

सर्वप्रथम मेरो निमन्त्रणालाई स्वीकार गरेर उपस्थित भइदिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु र मेरो ३ वर्षे कार्यकालमा भए-गरेका काम कार्वाहीहरुको विवरण प्रस्तुत गर्न चाहन्छु।

१. २०७९ साल मंसीर ४ गतेको आम निर्वाचनबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भई पौष ८ गते सपथ ग्रहण गरेपछि औपचारिक रुपमा जिम्मेवारी बहन गरें ।

२. तत्कालीन समयमा भएको राजनैतिक परिवेशले २०७९ माघ ५ गते व्यवस्थापिकाको सर्वोच्च पद (सभामुख) पदमा निर्वाचित भएँ ।

३. प्रतिनिधिसभामा राजनैतिक दलहरुको प्रतिनिधित्वले एकदलको स्थायी सरकार दिनसक्ने अवस्था थिएन । त्यसैले छोटो-छोटो समयमा सरकार परिवर्तन भइनै रहे। मेरो सभामुखको कार्यकाल आगामी माघ ५ गते ३ वर्ष पुरा हुनेछ । यति छोटो अवधिमा मैले ५ वटा फरक-फरक सरकारसंग काम गर्नुपरेको यथार्थ तपाईहरुसमक्ष राख्दा मलाई खुशी लागेको छैन ।

४. गत भाद्र २३ र २४ गते भएको आन्दोलन र विध्वंसले देशको मानवीयसंगै खरबौको सरकारी एवम् निजी भौतिक संरचना मात्र ध्वस्त भएन, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकासमेत ध्वस्त भयो। योसंगै देशको संविधान नै लिकभन्दा बाहिर गयो ।

५. यो विषम परिस्थितिमा संविधानलाई लिकमा चढाएर हिडाउनु हामी सबैको दायित्व हो। यसका लागि २ वटा विकल्पहरु अहिले हाम्रो सामुमा देखिएका छन् । पहिलो संसद पुनर्स्थापना गरेर तत्कालीन आन्दोलनकारीका जायज मागहरु कानुन संशोधनमार्फत पुरा गर्दै निर्वाचनमा जाने र दोस्रो अहिले नै निर्वाचनमा जाने र नयाँ जनादेश लिने। यी २ मध्ये पहिलो विकल्प उपयुक्त हो भन्ने ठानेको छु। र यो विषय अहिले सर्वोच्च अदालतमा विचाराधीन रहेकोले थप केही भन्न त चाहन्न । तथापि छिटो फैसला होस् भन्ने अपेक्षा राख्दछु ।

६. अहिले सरकारले निर्वाचन गराउन कार्यतालिका सार्वजनिक गरिसकेको अवस्थामा निर्वाचन हुन्छ- हुन्न भन्ने अन्योलका वीचमा पनि यसको तालिका अनुसार तयारी गर्दै जानु नै पर्ने हुन्छ । त्यसैले कार्यतालिका र कानुन अनुसार सभामुखको कार्यकाल आगामी माघ ५ गते (अर्को निर्वाचनका लागि मनोनयन दाखिला गर्ने अघिल्लो दिन) सकिदैछ । यदि चुनाव भएन भने के हुन्छ भन्ने बारेमा आ-आफ्नै तर्कहरु छन् । कानुनमा स्पष्ट उल्लेख छैन ।

७. वर्तमान अवस्था र विद्यमान कानुनका आधारमा मेरो कार्यकाल सकिने चरणमा रहेको हुनाले मलाई ५ वर्षका लागि निर्वाचित गर्नुहुने मेरा मतदाताहरुमाझ ३ वर्षमा मैले के के गरें, के के योजनाहरु अधुरा रहे भन्ने वारेमा स्पष्ट गर्नुपर्छ भन्ने महसुस गरेर यो कार्यक्रम आयोजना गरेको छु।

८. मैले यो क्षेत्रमा नेकपा एमालेको तर्फवाट निर्वाचन लडेको हुँ र तत्कालीन अवस्थामा ५ वटा मुख्य विषयगत क्षेत्रभित्र २५ वटा उपक्षेत्र र १०८ विशेष कार्यक्रमहरु समावेश गरी "हाम्रा १०८ संकल्प" नामक प्रतिवद्धतापत्र सार्वजनिक गरेका थियौ।

९. त्यसै परिधिभित्र रहेर वा तत्कालीन आवश्यकताका आधारमा हामीले सक्दो प्रयास गरेका छौ। विकास निर्माणसंग प्रत्यक्ष सरोकार रहने कार्यकारी पद हैन सभामुख, त्यसैले मन्त्री, सचिव लगायत मन्त्रालयका विभिन्न महाशाखासंग प्रत्यक्ष परोक्ष रुपमा सम्पर्क गरेर कार्यक्रमहरु संचालन गर्नु पर्ने अवस्था थियो।

१०. सरकार फेरिने, मन्त्री फेरिने, सचिव फेरिने, महाशाखा प्रमुखहरु फेरिने प्रकृया यति छिटो छिटो भयो कि कुरा गर्दा एउटा सचिव, फाइल पेश गर्दा अर्को, योजना फाइनल हुने वेलामा अर्को र कार्यान्वयनका वेला अर्को हुने अवस्था समेत आयो। तथापि हामीले गर्ने प्रयास उच्च गरेका छौ भन्ने विश्वास लिएको छु ।

११. मेरो ३ वर्षे अवधिमा यो निर्वाचन क्षेत्रमा कुल ३२३ वटा योजनाहरु संघीय सरकारमार्फत परेका छन् । जसमध्ये पहिलो वर्ष आव ०८०/८१ मा ११२ वटा ८१/८२ मा १२१ वटा र ८२/८३ मा ९० वटा योजनाहरु परेका छन् ।

१२. बजेटका आधारमा ३ वर्षमा ५ अर्व ४९ करोड ९३ लाख रुपैयाँ परेको छ। जसमध्ये आव ०८०/८१ मा ७२ करोड, ८१/८२ मा २ अर्व ३४ करोड र ८२/८३ मा २ अर्व ४३ करोड परेको छ। बजेट परेपनि गत २ आ.व.को अवस्था हेर्दा ठेक्का ननिस्कने, निस्केको पनि कम मूल्यमा विडिङ हुने र त्यसमा पनि निर्धारित समयमा सम्पन्न नगर्दा बजेट फ्रिज हुने आदि कारणले समग्रमा ५० प्रतिशत बजेट मात्र खर्च भएको देखिएको छ। आव ०८२/८३ का कतिपय योजनाहरु पछिल्लो सरकारले रोक्का गरेको, कटौती गरेको अवस्था छ त्यसको अद्यावधिक विवरण आएको छैन। हरेक दिन कुनै न कुनै योजनालाई अगाडी वढाउन निरन्तर पहल गरिएको छ।

१३. मैले २०७९ मंसीरको चुनाव अगाडी नै यो क्षेत्रमा हिड्दा कन्काई ९ को घैलाडुब्बा-चम्पापुर जोड्ने विरिङ खोलामा पक्की पुलको आवश्यकतालाई महसुस गरेको थिएँ । त्यसलाई हामीले चुनावी प्रतिवद्धतामा समेत राखेका थियौ र २ वर्षको अथक प्रयासले अहिले ठेक्का लागेर काम सुरुवात भएको देख्दा खुशी लागेको छ । तथापि कामको गति ढिलो भएकोले जतिसक्दो चाँडो काम गर्न सम्वन्धित पक्षको ध्यानाकर्षण गराउँदछु ।

१४. यो क्षेत्रमा ठुला तथा साना खोलाहरु प्रशस्त रहेको हुनाले पुलको आवश्यकता हुने नै भयो। तर एउटा पुल बनाउन करोडौ रुपैयाँ लाग्ने र समय पनि धेरै लाग्ने भएकोले बजेट स्वीकृत गराउन अत्यन्तै कठीन हुने हुँदा अपेक्षित समयमा योजनाहरु पार्न नसकिएको स्वीकार गर्दछु। गत सालको वाढीले बगाएको शनिश्चरे- खुदुनावारी सडकको पुलका लागि बजेट विनियोजन गराउन सवै शक्ति प्रयोग गर्दा पनि यो आ.व.को रातो कितावमा निकाल्न प्राविधिक हिसावले सकिएको थिएन । तर अहिले विपद व्यवस्थापनअन्तर्गत ३५ करोड रकम स्वीकृत भई ठेक्का लाग्ने तयारीमा रहेको छ । यसमा लागिपर्ने नगरप्रमुख, नेकपा एमाले ,नेपाली कांग्रेसलगायत पार्टीका नेताहरु जनप्रतिनिधिहरुको सामूहिक प्रयासलाई धन्यवाद दिन चाहन्छु।

१५. प्रस्तावित पुलहरुमा अर्जुनधारा ५ बाट ४ मा तर्ने (कज्वे भएको ठाउँ) विरिङ खोलामा पक्की पुल बनाउन प्रयास गर्दागर्दै प्राथमिकताका हिसावले र बजेट अभावले अहिलेसम्म गर्न नसकेको समेत स्मरण गर्दछु। र आगामी दिनको पहिलो प्राथमिकतामा रहनुपर्छ भन्ने कुरा समेत व्यक्त गर्दछु।

१६. सडकको आवश्यकता र उपभोक्ताको तिव्र चाहनालाई पुरा गर्न मेरो हैसियतले भ्याएसम्म भरमग्दुर प्रयास गरेकै हो । तथापि सवै चाहनाहरु पुरा हुन सकेनन् । यो निर्वाचन क्षेत्र नं २ मा यो अवधिमा संघीय बजेटमार्फत ७६ किमि सडक पिच भएको छ। यसका अतिरिक्त काम छोडेर हिडिसकेको ठेकेदारलाई बजेट व्यवस्थापन गरेर काममा लगाएको बिर्तामोड- चन्द्रगढी सडक ६ किमि र मदन भण्डारी सडकको करिव ८ किमि सडक निर्माणको समेत सगर्व जस लिन चाहन्छु ।

१७. कालोपत्रे सडकहरुमा मुख्य गरी ७२ किमि लम्वाई भएको झापा क्षेत्र नं २ चक्रपथ, जसको परिकल्पना नै म निर्वाचित भएपछि गरिएको थियो त्यसको रेखाङ्कन तथा सर्वेक्षण गरी ३० किमि खण्डको डीपीआरसमेत सम्पन्न भएको छ भने कुल ७२ किमि लम्वाईमध्ये २२ किमि पुरानै कालोपत्रे पर्ने भएकोले ५० किमि निर्माणका लागि पहल गरिएको र ८ किमि निर्माण सम्पन्न भइसकेको साथै यो आ.व.मा १४ करोड रुपैयाँ विनियोजित रहेको छ । त्यसको काम सुरुवात भएको छैन।

१८. अन्य सडकहरुमा शहीद चन्द्र मार्ग, हर्कलाल मार्ग, गोकुल जोशी मार्ग, मुक्तिचोक- कप्तानवारी- पुष्पलाल चोक -सालवारी हुँदै जयपुरसम्म जाने सडक, कप्तानवारी- शनिश्चरे -जयपुर सडक, गोपालेडाँडा- महानन्दचोक सडक, लक्ष्मीपुर -अर्जुनधाराधाम सडक, कालिस्थान -बुट्टावारी सडक, सैनिकमोड -गोलधाप सडक प्रमुख हुन् । अन्य पचासौको संख्यामा रहेका वडा स्तरीय सडकहरुको वारेमा उल्लेख गरिएको छैन।

१९. मदन भण्डारी सडकअन्तर्गत मेरो निर्वाचन क्षेत्रमा पर्ने १३ किमि क्षेत्रमा रुख कटानको लागि विकराल समस्या थियो । त्यसमा वन डिभिजन, विभाग तथा मन्त्रालय सबैसंग प्रत्यक्ष भेटेर कार्ययोजना बनाएर रुख कटान सुनिश्चित भएकोमा हाल रुख कटान सकिने अवस्थामा पुगेको छ ।

२०. खानेपानीतर्फ यो क्षेत्रमा पर्ने प्रायजसो सबै योजनाहरुमा केही न केही बजेट पार्ने प्रयत्न भयो । तर, पर्याप्त हुन सकेन र अझै आवश्यक रहेको छ । बिर्तामोड खानेपानी आयोजना, कोलाटोली खानेपानी योजना, बृहत अर्जुनधारा खानेपानी आयोजना, बेलटार खानेपानी आयोजना, बुधवारे साना सहरी खानेपानी आयोजना, बिरान खानेपानी आयोजना, कैदले खानेपानी आयोजना, साठीमुरे खानेपानी आयोजना, तथा भोटेटार खानेपानी आयोजनामा संघ तथा प्रदेश सरकारबाट बजेट बिनियोजन भएको छ । हाल कैदले, बेलटार तथा बृहत अर्जुनधारा खानेपानी आयोजनाको मुहान क्षतिग्रस्त भएको र त्यसलाइ संबोधन गर्नका लागि परियोजनासहित मन्त्रालयमा पेश गरिएकोमा हालसम्म स्वीकृत हुन सकेको छैन ।

२१. सिँचाइतर्फ चौरासी विघे सिंचाइ आयोजना, सखुवागाछी चेक ड्याम्प, २७ बिघे पैनी मुहान तथा नहर निर्माण, हिलेखोला तथा सेतीपानी खोलाको नहर निर्माण, सानेसी सिँचाइ आयोजना तथा आवश्यक ११ स्थानमा भूमिगत सिँचाइ आयोजनाका लागि बजेट बिनियोजन भई काम संचालन भएको छ भने चौरासी बिघे सिँचाइ आयोजनाको काम भर्खर ठेक्का संझौताको चरणमा रहेको छ।

२२. यो निर्वाचन क्षेत्रमा झापामा नाम चलेका ठूला खोलाहरु छन् । जसको कारण खोलाले धार परिवर्तन गर्दा कैयौ जग्गाधनीका जग्गाहरु खोलामा परेका छन् र अहिले तत् तत् क्षेत्रमा जग्गा विवाद कायम छ। खोलाको धार परिवर्तन गर्नवाट रोक्न तटबन्धको काम पनि प्रभावकारी रुपमा संचालन गरिएको छ। पर्याप्त त नभनौ तर उल्लेख्य चाहिँ भन्न मिल्छ। बिरिङ खोला तटबन्ध अर्जुनधारा १,७,५, विरिङ खोला तटवन्ध कन्काई ८ र ९, हडियाखोला तटबन्ध बुद्धशान्ति १ र ३, नेतेखेला तटबन्ध अर्जुनधारा १, टाङटिङखोला तटबन्ध अर्जुनधारा २, सुखानी खोला तटबन्ध अर्जुनधारा ३, दहीझोडा तटबन्ध अर्जुनधारा ४, अधुवाखोला तटवन्ध विर्तामोड ३ ४, हर्चना खोला तटबन्ध विर्तामोड ७, देउनिया खोला तटबन्ध बिर्तामोड ८, भोर्लेनी भिर पहिरो नियन्त्रण अर्जुनधारा २ मुख्य छन् ।

२३. शिक्षा क्षेत्रमा पनि महत्वपूर्ण योजनाहरु संचालन भएका छन् । २००० भन्दा बढी विद्यार्थी भएका ३ वटा विद्यालयहरुले ६ करोडमाथिका भवन प्राप्त गरेका छन् । देवी, महेन्द्र रत्न र मोहनमाया माविले यो बजेट प्राप्त गरेका हुन् । देवी मावि निर्माणमा नै जुटिसकेको छ भने महेन्द्र रत्न र मोहनमाया माविले भर्खरै मात्र स्वीकृति प्राप्त गरेका छन् ।

२४. चिनियाँ राजदूतावासको सहयोगमा बिर्तामोड ८ स्थित शुक्रराज आधारभूत विद्यालय र बिर्तामोड ९ स्थित देवकोटा आधारभूत विद्यालयमा ५०/५० लाख बजेटमा भवन निर्माण भएका छन् । शुक्रराज आविको भवन उद्घाटन समेत भइसकेको छ भने देवकोटा आविको भवन निर्माणाधीन छ ।

२५. यो क्षेत्रका एसइई परीक्षामा सफल हुन नसकेका विद्यार्थीहरुलाई लक्षित गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको समन्वयमा १३६५ विद्यार्थीलाई निःशुल्क अनलाइन कक्षा संचालन गरिएको छ ।

२६. चिनियाँ दूतावासकै सहयोगमा शनिश्चरे मावि अर्जुनधारा र दुर्गा मावि बिर्तामोडका आधारभूत तहका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु वितरण गरिएको छ ।

२७. भवन अभाव भएका लक्ष्मी मावि अर्जुनधारा, दुर्गा मावि विर्तामोड, मदरसा बिर्तामोड र सप्तऋषि गुरुकुल अर्जुनधाराको भवन निर्माणका लागि यसै आ.व.मा कार्य संचालन गर्ने प्रयास भइरहेको छ ।

२८. योजना ठेक्का लागेर पनि बजेट अभावमा निर्माण रोकिने अवस्था धेरै योजनाहरुमा देखिएको छ। त्यसैको शिकार हुन लागेको शनिश्चरे अस्पताल अर्जुनधाराको लागि १८ करोडमा ठेक्का लागेको तर, बजेट निकासा नभएर रोकिएको अवस्थामा विशेष पहल गरी निर्माण प्रकृया अगाडी बढाउन आवश्यक बजेट प्रवन्ध गरिएको छ।

२९. अर्जुनधारा नगर अस्पताल, तथा बिर्तामोड नगर अस्पताल तथा खुदुनावारी स्वास्थ्य चौकीलाई विदेशी दातृ निकायको सहयोगमा आवश्यक उपकरणहरुसहित सामग्रीहरु वितरण गरिएको छ। अर्जुनधारा नगर अस्पतालमा अपरेशन थिएटर संचालन गरिएको छ ।

३०. धेरै ठुलो मेहेनतले बुद्धशान्ति गाउँपालिकामा निर्माण भएको अस्पतालको नाम "भागिरथा न्यौपाने बुद्धशान्ति अस्पताल" राख्ने काम भएको छ।

३१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बजेटमार्फत सुसेली सामुदायिक भवन, वाइजुराज सामुदायिक भवन निर्माण कार्यहरु भएका छन् ।

३२. बिर्तामोड नगरपालिकाको प्रशासनिक भवन, बिर्ताबजारको कृषि भवन समेत निर्माण सम्पन्न भएको छ ।

३३. बिर्तामोड, अर्जुनधारा ,बुद्धशान्ति पालिकाहरुमा सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई धनीपुर्जा वितरण सुरुवात गरिएको छ ।

३४. डोमालाल रंगशाला, अर्जुनधारा खेलमैदान, बिर्तामोड कभर्ड हल लगायत खेलमैदानको स्तरोन्नतिका कामहरु भएका छन् ।

३५. डोमालाल रंगशालाको स्वामित्व विवाद व्यवस्थापनका लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गुठी संस्थानबीच आवश्यक समन्वय गरी त्यहाँका जोताहाहरुको व्यवस्थापन तथा रंगशालाको सरकारीकरणका लागि गुठी संस्थान र मन्त्रालयबीच सहकार्य गर्ने सहमति भएको र सर्वोच्च अदालतको फैसला कार्यान्वयन र फिल्डको वस्तुस्थिति बुझ्न जाँचवुझ समिति गठन गरि पठाएकोमा उक्त समितिले आफ्नो प्रतिवेदन बुझाइसकेको छ ।

३६. यो क्षेत्रका ३ वटा पालिकाहरु बिर्तामोड, बुद्धशान्ति र अर्जुनधारा हात्ती प्रभावित क्षेत्रहरु हुन् । हात्ती नियन्त्रणका लागि केही न केही प्रयत्न गरिएको छ । हालसम्म १३ किमि फेन्सिङ तार लगाउने कार्य भएको छ भने हात्ती आगमन सूचना प्रणाली (बाहुनडाँगीमा) स्थापना गरिएको छ। फेन्सिङ लगाउने कार्य यस वर्ष पनि निरन्तर छ ।

३७. सुखानी शहीद स्मृति पार्क, विराट भरत विश्रान्ती एवम् विराट पोखर जस्ता पर्यटकीय स्थलको संरक्षण संवर्द्धन र उपभोगका लागि विभिन्न कार्यक्रमहरुसंग सम्वन्धित बजेट निकासा भएको छ। यसै आ.व.मा निकासा हुनुपर्ने सुखानी शहीद स्मृति पार्कको घेरावारा निर्माणका लागि विनियोजित १० करोड रुपैयाँ भने हाल सरकारले रोकिराखेको छ।

३८. अत्यन्तै पेचिलो बनेको अर्जुनधारा १ को सैनिक तालिम केन्द्र र विगत ५० वर्षदेखि बसोबास गर्दै आएका २०० परिवारको जग्गा विवादको निरुपणका लागि सैद्धान्तिक सहमति भएको छ। तालिमको लागि आवश्यक जग्गा छोड्न र सिमाना लगाउन भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय ,नापी विभाग, सेनाको पृतना र सभामुख, नगरपालिका तथा स्थानीयबीच स्थलगत रुपमा नै सहमति भएको हो र सिमाना निर्धारणको जिम्मा नापी विभाग / नापी कार्यालयलाई दिइएको छ ।

३९. देशको एउटा प्रमुख नगदेवाली सुपारीको राजधानी यही निर्वाचन क्षेत्र भएकोले यसको व्यवस्थापनका लागि मुख्य रुपमा अनुसन्धान तथा प्रशोधन केन्द्र स्थापना गरी व्यवसायिक विस्तारको महत्वकांक्षी योजना तयार गरेर लागेकोमा गत आश्विनमा आएको बाढीले प्रस्तावित जग्गा बालुवामा परिणत गरेपछि केही समस्या देखापरेको छ । तथापि सुपारीलाई कृषि वालीको रुपमा सूचीकृत गरिएको छ। यससंगै यसको निकासी पैठारीमा पनि व्यापक समस्या देखिएकोले त्यसको समाधानको लागि विशेष पहल गरिएको छ ।

४०. यो निर्वाचन क्षेत्रको समृद्धिका लागि मुख्यरुपमा दुध, मासु ,बाँस र सुपारीको व्यवसायिक विकास आवश्यक छ भन्ने निष्कर्ष निकाली चिनियाँ राजदूतावासमार्फत अनुसन्धान तथा सहयोगको कार्यक्रम अगाडी वढाइएको छ । हालसम्म दुध तथा माछाको लागि संझौता भइसकेको छ भने बाँस र सुपारीको अनुसन्धान गरिरहेको छ।

४१. मैले संसदमा प्राप्त गरेको जिम्मेवारीले गर्दा मन हुँदाहुँदै पनि आफ्नो क्षेत्रको अपेक्षित भ्रमण गर्न सकिनँ, तथापि यहाँका हरेक गतिविधिसंग नियमित रुपमा जानकार नै रहें। यो ३ वर्षे कार्यकालमा जम्मा १९ पटक क्षेत्र भ्रमण गरेको रहेछु ।

४२. म सभामुखमा निर्वाचित भएपछि आफै उपस्थित नभएपनि सुनेसम्म र जानकारी पाएसम्म यो क्षेत्रका मृत्युका सवै दुखद घटनामा श्रद्धाञ्जली / समवेदना पत्र पठाएको छु। म क्षेत्रमा आएका बेला सकेसम्म सवैकोमा पुग्ने प्रयास गरेको छु र आफै उपस्थित हुन नसक्दा मेरो सचिवालयमार्फत पठाउने गरेको छु। हालसम्म मैले २१२२ परिवारमा यो पत्र पठाएको छु। यो सानो काम गरेपनि आफैले आफैलाई धन्य महसुस गरेको छु।

४३. विभिन्न निकायहरुसंग समन्वय गरेर समाजका जेष्ठ नागरिकहरुको सम्मानार्थ मायाको स्मृतिस्वरुप लौरो उपहार वितरण गरिएको छ ।

४४. विभिन्न निकायहरुसंग समन्वय गरेर यो क्षेत्रका विपन्न परिवारहरुका लागि २००० थान झुल तथा आवश्यक संख्यामा सेनिटरी प्याड वितरण गरिएको छ।

४५. यो क्षेत्रको विकासमा ५ वर्षे कार्यकालका लागि मैले देखेका प्रमुख सपनाहरुमध्ये बिर्तामोडको ढल निकास, अधुवा खोला कोरिडोर, विरिङ तटबन्ध र बाइपास कोरिडोर, सखुवागाछी चेकड्यामसहितको सिँचाइ आयोजना, हडिया खोला तटवन्ध, डोमालाल तथ अर्जुनधारा रंगशाला, हात्ती प्रभावको पूर्ण नियन्त्रण, महाभारतकालीन क्षेत्रहरु समेटिएको पर्यटकीय सर्कीट संचालन, दुध, मासु, बाँस, सुपारी र पानीवाला नरिवलको व्यवसायीकरण र त्योसंगै जोडिएको युवा रोजगारी एवम् सीपयुक्त जनशक्ति विकास पुरा हुन नपाउँदै कार्यकाल भाँचिएको छ।

४६. अन्त्यमा, यो निर्वाचन क्षेत्रका सम्पूर्ण मतदाताहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ